# साप्ताहिक गतिविधि

वर्ष १ अङ्क ११ २०७६ चैत्र २५ आइतबार




## सम्पादकीयः

### कोरोना भाइरसः शतर्कता

चीनको बुहानबाट सुरु भएर बेइजिङ, मकाउ, ताइवान हुँदै संसारभर कोरोना भाइरस फैलिएपछि उत्तरी छिमेकी मुलुक चीनमा यतिबेला यो भाइरसले त्रासदी फैलाएको छ। सोही भाइरसकै कारण कतिपयको ज्यान समेत गइसकेको छ । भाइरसले सैयौं प्रभावित छन् । भाइरसबाट थप क्षति नहोस् भनेर उच्च सर्तकता अपनाएको छ ।

कोरोना अमेरिका, अष्ट्रेलिया, थाइल्यान्ड, दक्षिण कोरिया सम्म फैलिएको छ। भाइरस फैलिएपछि विश्वभरकै विमानस्थलमा सावधानी अपनाउन थालिएको छ।

नेपालमा पनि कोरोना भाइरसको उच्च जोखिमतालाई मध्यनजर गरी हालै मात्र नेपाल सरकारले चिनिया यात्रीलाई अन अराइभल भिस्सामा रोक लगाउने निर्णय गर्दै कोरोना भाइरसबाट सतर्कता अपनाउन अनुरोध सहित सबै प्रदेशमा सचेतनात्मक कार्यक्रम अगाडि बढाएको छ। महामारीकै रुपमा विश्वभर फैलिएको कोरोना भाइरस जनवारबाट सर्ने एक रहस्यमयी भाइरस हो। यो गत डिसेम्बरमा पत्ता लागेको थियो। यसअघि ६ प्रकारको भाइरस मात्र मान्छेमा संक्रमण भनिए तापनि अहिले भने त्यसभन्दा फरक नयाँ प्रकारको कोरोना फैलिएको हो । यसको संक्रमण क्षमता अरुभन्दा तीव्र एवं धेरै भएकाले विशेषज्ञहरुले यो निकै भयानक रहेको बताएका छन् । सुरुमा रुघाखोकी जस्तै लक्षण हुने भएकाले यसबाट सुरक्षित रहनु भनेको अहिलेको अवस्थामा सजग र सतर्क रहनु नै हो । रुघाखोकी लागेको व्यक्तिको सोझो सम्पर्कमा नरहने, भिडभाडमा सावधानी अपनाउने, सरसफाईमा विशेष ध्यान दिनुपर्छ। रोग भित्रिहालेमा थप विस्तार हुन नदिन जनस्तर, पालिकास्तर र देशव्यापी रुपमा सचेतना समेत फैलाउन जरुरी छ ।


**प्रकाशकः**

भूमे गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङबगर, रुकुम (पूर्व)

५ नं. प्रदेश नेपाल

# प्रदेश नं. ५ का मुख्यमन्त्रीद्वारा रुकुम (पूर्व)का स्थानीय तह प्रमुखसँग भिडियो कन्फ्रेन्स

*२२ चैत्र २०७६, खाबाङबगर ।*

प्रदेश नं. ५ प्रदेश सरकारका मुख्यमन्त्री श्री शङ्कर पोखरेलज्यूले रुकुम (पूर्व) जिल्लाका तीनवटै स्थानीय तहसँग भिडियो कन्फ्रेन्समार्फत छलफल गर्नुभएको छ । गत चैत्र २२ गते शनिबारका दिन मुख्यमन्त्री पोखरेलले रुकुम (पूर्व)का सिस्ने गाउँपालिका अध्यक्ष कुमारी बराल गौतम, पुथा उत्तरगंगा गाउँपालिका अध्यक्ष ओमप्रकाश घर्ती, भूमे गाउँपालिका अध्यक्ष रामसुर बुढा मगर र रुकुम (पूर्वी भाग) जिल्लाका प्रमुख जिल्ला अधिकारी मोहन प्रसाद अर्यालसँग हाल विश्वभर फैलिरहेको कोरोना भाइरस रोकथामका बारेमा प्रदेश सरकारको तयारी बारे जानकारी दिँदै जिल्लामा भएको तयारी तथा गतिविधिका बारेमा जानकारी लिनुभयो ।




कन्फ्रेन्स बैठकमा बोल्दै प्रदेश सरकारले कोरोना भाइरस जोखिमसँग जुध्न अधिक तयारी गरिसकेको र स्थानीय स्तरमा पनि सोही अनुरूप तयारी गर्न सुझाउनुभयो । स्थानीय तहमा कोरोना भाइरस रोकथामका लागि अन्तर तह सहयोग, समन्वय र सहजीकरणको अपरिहार्यता भएकाले सबैसँग सहयोग, समन्वय र सहजीकरणमा विशेष भूमिका खेल्न अनुरोध गर्नुभयो । स्थानीय तह र जिल्लाले आवश्यक स्वास्थ्य सामाग्री र क्वारेन्टाइन तयारी अवस्थामा राख्ने, विदेशबाट आएका व्यक्तिहरुको विवरण नियमित अद्यावधिक गर्ने, भएका कामको विवरण प्रदेश सरकार र केन्द्र सरकारलाई उपलब्ध गराउनुपर्ने, स्थानीयस्तरमा स्वास्थ्य स्वयंसेवक परिचालन गर्ने, खाद्यान्नको न्यूनता हुन नदिन ख्याल पुऱ्याउन समेत सुझाउनुभयो ।

कन्फ्रेन्स कार्यक्रममा सिस्ने गाउँपालिका अध्यक्ष कुमारी बरालले सिस्ने गाउँपालिकामा क्वारेन्टाइन निर्माण गरी विदेशबाट आएका मानिसहरुलाई राखिएको, राहत वितरण सुरू गरिएको र कोरोना प्रतिकार्यका लागि आवश्यक तयारी गरिएको बताउनुभयो । त्यसैगरी पुथा उत्तरगंगा गाउँपालिका अध्यक्ष ओम प्रकाश घर्तिले

पुथा उत्तरगंगा गाउँपालिकामा भारत लगायत विदेशबाट आएका व्यक्तिहरु नभएको भए पनि कोरोना प्रतिकार्यका लागि तयारी भैरहेको बताउनुभयो ।

कन्फ्रेन्स बैठकमा भूमे गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरले भूमे गाउँपालिकाले पनि कोरोना भाइरस जोखिमलाई मध्यनजर गर्दै विदेशबाट आएका व्यक्तिहरुको Travel History अद्यावधि भैरहेको, क्वारेन्टाइनको निर्माण, आवश्यक स्वास्थ्य सामाग्रीको व्यवस्था, मापदण्ड बनाई राहत वितरण गर्ने तयारी भैरहेको बताउनु भयो । भूमे गाउँपालिकाले कोरोना भाइरस रोग रोकथाम र खाद्यान्नको उपलब्धताका लागि सक्दो तयारी भएको र यसलाई निरन्तरता दिइने बताउनुभयो । रुकुम (पूर्वी भाग) का प्रमुख जिल्ला अधिकारी मोहन प्रसाद अर्यालले समग्र रुकुम जिल्लाको गतिविधि र तयारी बारे जानकारी गराउँदै कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालयले स्थानीय तह, प्रहरी लगायत सबै निकाय संघसंस्थासँग समन्वय र सहकार्य गरिरहेको जनाउनुभयो । रुकुम (पूर्व) जिल्लामा कोरोना जोखिमलाई मध्यनजर गर्दै फैलन नदिन सबैलाई आ-आफ्नो घरमा आफै आइसोलेसनमा बस्न अनुरोध गरिएको र प्रभावकारी भएको, क्वारेन्टाइन निर्माण तथा सञ्चालनमा जिल्लाका सबै स्थानीय तह र निकायबाट सहयोग भैरहेको बताउनु भयो। जिल्लामा खाद्यान्न अभाव हुन नदिन खाद्यान्न र अत्यावश्यक सेवालाई निरन्तरता दिइएको र प्राप्त तथ्याङ्क अनुसार करिब १ महिनाको अवधिसम्म खाद्यान्नको अभाव नहुने समेत जानकारी गराउनुभयो ।



# ५० औं कार्यपालिका बैठक सम्पन्न



*१० चैत्र २०७६, खाबाङबगर ।*

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सम्पन्न भएको छ । असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने मापदण्ड स्वीकृत गर्नुका साथै कोरोना रोग नियन्त्रण तथा प्रतिकार्य योजना कार्यान्वयन, प्रकोप राहत, आपतकालीन कोष सम्बन्धी निर्णय गरेको छ ।

गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरुमध्ये पहिलो असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ स्वीकृत गरेको छ । यो मापदण्ड स्वीकृत भएसँग श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहतका लागि आवश्यक तथ्याङ्क संकलन गरी राहत वितरण गर्न बाटो खुलेको छ । राहत वितरणका लागि अति विपन्न, दैनिक ज्यालादारी र असहाय व्यक्तिहरुलाई सम्बन्धित वडा कार्यालयबाट चामल ३० किलोग्राम, दाल ३ किलोग्राम, नुन २ किलोग्राम, खाने तेल २ लिटर साबुन ४ वटा र स्थानीय तरकारी उपलब्ध गराइनेछ ।

गाउँ कार्यपालिका बैठकले विश्वभर फैलिरहेको कोरोना रोग (कोभिड-१९) को रोकथाम तथा प्रतिकार्यका लागि नेपाल सरकारले जारी गरेको लकडाउनलाई सबै वडामा प्रभावकारी रुपमा कडाइका साथ पालना गराउँदै उक्त अवधिमा ठूला जमघट, पूजा चाडपर्व, सामाजिक कार्यहरु, भोजभतेर, उत्सव एवं पर्वहरुमा रोक लगाउँदै त्यस्ता कार्यक्रममा सहभागी नहुन अनुरोध गरेको छ । त्यसैगरी मिति २०७६।१२।१९ मा आएको हावाहुरीबाट श्री भूमि आधारभूत विद्यालय भूमे १ रुजिखोलाको चार कोठे भवनको छाना उडाई क्षति पुर्‍याएकाले भवनलाई थप क्षति हुन नदिन रु. १०००००।– मा ननाघ्ने गरी मर्मत योजना स्वीकृत गरेको छ ।

यसैगरी बैठकले लकडाउनका अवधिमा खाद्यान्न अभाव हुनसक्ने भएकाले सबै वडा कार्यालयहरुले आ-आफ्नो वडा टोलमा अनुगमन गरी गाउपालिकामा प्रतिवेदन गर्नुपर्ने निर्णय गरेको छ । कोरोना भाइरस पूर्वतयारी तथा प्रतिकार्यका लागि "भूमे कोरोना रोकथाम तथा नियन्त्रण कोष" खाता सञ्चालनमा ल्याएको छ ।

गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरको अध्यक्षतामा बसेको बैठकमा कूल १७ जना कार्यपालिका सदस्यहरुमध्ये १३ जना कार्यपालिका सदस्यहरुको उपस्थिति रहेको थियो । बैठकको सञ्चालन तथा सहजीकरण प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठले गर्नुभएको थियो ।

# भूमे कोरोना रोकथाम तथा नियन्त्रण कोष खातामा सहयोग

*२३ चैत्र २०७६, खाबाङबगर ।*

विश्वभर फैलिरहेको नोभल कोरोना भाइरस पूर्वतयारी तथा प्रतिकार्यका लागि गठित गाउँपालिकास्तरीय समन्वय समितिको बैठकको निर्णयानुसार स्थापित "भूमे कोरोना रोकथाम तथा नियन्त्रण कोष" खातामा सहयोग प्राप्त भएको छ ।

गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट रु. १०००००।– (एक लाख मात्र) जम्मा गरिएको छ । कोरोना भाइरस पूर्वतयारी कोषमा गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरले रु. ५०००।– दिई शुभारम्भ गर्नुभयो । हालसम्म उक्त कोषमा जम्मा भएको रकम देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | योगदान गर्ने व्यक्ति/संस्थाको नाम | जिल्ला | न.पा./गा.पा. | वडा | टोल | योगदान रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | भूमे गाउँपालिका विपद् व्यवस्थापन कोषबाट | रुकुम (पूर्व) | भूमे गाउँपालिका | - | - | 100000 | |
| 1 | रामसुर बुढा मगर | रुकुम (पूर्व) | भूमे गाउँपालिका | 2 | काँक्री | 5000 | |
| 2 | चन्द्रसिंह श्रेष्ठ | रुकुम (पूर्व) | भूमे गाउँपालिका | 3 | झुम्लाबाङ | 10000 | |
| 3 | पञ्चबहादुर रोका | रुकुम (पूर्व) | भूमे गाउँपालिका | 8 | कोर्जा | 2000 | |
| 4 | देव बहादुर बुढा | रुकुम (पूर्व) | भूमे गाउँपालिका | 6 | महत | 2000 | |
| 5 | नर बहादुर बुढा | रुकुम (पूर्व) | भूमे गाउँपालिका | 6 | महत | 1500 | |
| 6 | रामचन्द्र पुन | रुकुम (पूर्व) | भूमे गाउँपालिका | 6 | महत | 1500 | |
| 7 | मनकुमारी बुढा विष्ट | रुकुम (पूर्व) | भूमे गाउँपालिका | 9 | चुनबाङ | 3000 | |
| 8 | मनकुमारी बुढा | रुकुम (पूर्व) | भूमे गाउँपालिका | 7 | लाबाङ | 1000 | |
| ९ | मीना सुनार | रुकुम (पूर्व) | भूमे गाउँपालिका | 6 | महत | 1000 | |
| १० | उपेन्द्र यादव | धनुषा | औरही गा.पा. | 2 | देउरी | 5000 | |
| | **कूल रकम** | | | | | १३२००० | |

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङवगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

**प.सं.** (कोरोना)/२०७६/०७७
**च.नं.**

**मिति:** २०७६/१२/१०

**<u>सरोकारवाला/सर्वसाधारणमा अत्यन्त जरुरी सूचना ।</u>**

हाल विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिएको COVID-19 (कोरोना भाइरस)को रोकथाम र नियन्त्रणका लागि उच्च सतर्कता अपनाई सम्भावित जोखिमबाट बच्न तथा रोकथाम गर्नका लागि नेपाल सरकारको परिपत्रलाई समेत मध्यनजर गर्दै भूमे गाउँपालिकाको मिति २०७६।१२।०९ मा बसेको कार्यपालिका बैठकको प्रस्ताव नं. ४ बमोजिम *विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणबाट बच्न उच्च सतर्कता अपनाई सचेतनात्मक तथा व्यवस्थापकीय कार्यक्रम गर्ने* निर्णय भएकोले यस कार्यालयबाट **<u>अत्यावश्यक सेवा बाहेकका अन्य सेवाहरु अर्को व्यवस्था नभएसम्मका लागि स्थगित</u>** गरिएको छ । कार्यपालिका बैठकको निर्णयानुसार तपसिल बमोजिम गर्नु गराउनु हुन सम्बन्धित सरोकारवालाहरुमा अनुरोध छः

**<u>तपसिल</u>**

१. गाउँपालिका अन्तर्गतका सबै सरकारी तथा गैरसरकारी संघसंस्थाबाट हुने तालिम, गोष्ठी, सेमिनार, सभा, सम्मेलन तथा शैक्षिक कार्यक्रमहरु २०७६ चैत्र मसान्तसम्म स्थगित गर्ने ।
२. गाउँपालिकाभित्रका मुख्य बजारहरुका अत्यावश्यक सेवा उपलब्ध गराउने बाहेकका पसल व्यवसायहरु २०७६ चैत्र मसान्तसम्मका लागि बन्द गर्ने ।
३. सबै गाउँ टोलहरुमा सामाजिक तथा सांस्कृतिक प्रकृतिकका सबै खाले ठूला भोजभतेर, सभा सम्मेलन, गोष्ठी लगायतका सबै खाले भीडभाड हुने कार्यक्रमहरु नगर्ने/नगराउने व्यवस्था मिलाउने । यदि कसैले अटेर गरेमा कानूनी सजाय कवाईका साथ लागू गरिने ।
४. विदेशी मुलुकबाट आएका तथा फर्किएका व्यक्तिहरुको सङ्ख्यात्मक विवरण सम्बन्धित वडा कार्यालय र  कोरोना जोखिम रोकथामका लागि गठित **वडास्तरीय समन्वय समिति** ले गाउँ कार्यपालिकाको कार्यालय र **गाउँपालिकास्तरीय समन्वय समिति**लाई नियमित प्रतिवेदन गर्ने ।
५. गाउँपालिकावासी सबैले आफ्नो स्वास्थ्य र सुरक्षालाई ख्याल राखी अत्यावश्यक बाहेक हिँडडुल, घुमघाम र हाट बजार नजाने, अनावश्यक सम्पर्क कम गरी घरमै सुरक्षित रहने ।
६. कोरोना भाइरसबाट बच्न तथा अनावश्यक हाउगुजी नियन्त्रण गर्न सचेतनामूलक कार्यका लागि ठूला जमघट हुने स्थानहरुमा हात धुने स्थान, आवश्यक सचेतनामूलक कार्यका लागि स्थानीय युवा क्लब, आमा समूह, कृषक समूह तथा गैरसरकारी संघसंस्थाहरु समेतको सहकार्यमा कार्यक्रम गर्ने ।
७. गाउँपालिकामा कार्यक्षेत्र भएका सबै सरकारी तथा गैरसरकारी संघसंस्था अन्तर्गत सबै संघसंस्था, समूह, क्लब, सञ्जालले सचेतनात्मक कार्यक्रम गरी प्रतिवेदनको समेत व्यवस्था मिलाउने ।
८. गाउँपालिकाभरका सबै वडा तथा टोलहरुमा सचेतनात्मक कार्यक्रम गर्न, समय समयमा साबुन वा खरानी पानीले हात धुन, पशुपंक्षीसँग धेरै सम्पर्कमा नरहन र सम्पर्कपछि सरसफाई गर्न, अत्यावश्यक बाहेक घरबाट बाहिर ननिस्कन र भीडभाड नगर्न लगायतका उपयुक्त सूचनाहरु **स्थानीय हल्का**हरु मार्फत समेत सूचना गर्ने । सोको दैनिक रुपमा गाउँपालिका कार्यालयमा प्रतिवेदन गर्ने व्यवस्था सम्बन्धित वडा कार्यालयले मिलाउने ।

## गाउँपालिकास्तरीय समन्वय समितिको बैठक सम्पन्न

*१६ चैत्र २०७६, खाबाङबगर*

पछिल्लो समय विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ नोभल कोरोना भाइरस रोगबाट बच्न पूर्वतयारी तथा प्रतिकार्यका लागि भूमे गाउँपालिकामा गठित गाउँपालिकास्तरीय समन्वय समितिको बैठक बसेको छ ।

समितिका संयोजक तथा गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरको अध्यक्षतामा बसेको बैठकले गाउँपालिकामा कोरोना जोखिम र भएका क्रियाकलापहरुको समीक्षा गर्दै भारत तथा विदेशी मुलुक र अन्य स्थानबाट गाउँपालिका प्रवेश गरेका मानिसहरुको तथ्याङ्क संकलन गर्रिदै आएकोमा विदेशी मुलुकका साथै नेपालका अन्य स्थानबाट समेत यस गाउँपालिकामा आएका व्यक्तिहरुको विवरण गाउँपालिकाद्वारा तोकिएको ढाँचामा नियमित अद्यावधिक गर्ने, कोरोना भाइरसबाट सम्भावित जोखिम र आवश्यक परेमा संक्रमण सम्भावित व्यक्ति भेटिएमा क्वारेन्टाइनमा राख्ने गरी भूमे गाउँपालिका वडा नं. १, लुकुम स्थित श्री सिद्धचौर माद्यामिक विद्यालय लुकुममा क्वारेन्टाइन निर्माण गर्ने र अन्य विद्यालयहरुलाई पनि आवश्यक परेमा क्वारेन्टाइनको रुपमा स्थापना र सञ्चालन गर्न तयारी अवस्थामा राख्ने निर्णय गरेको छ ।

बैठकले कोरोना भाइरसबाट सम्भावित जोखिमलाई मध्यनजर गर्दै परिआएको खण्डमा तत्काल खर्च गर्न सकिने गरी आकस्मिक कोष खडा गर्ने र हाल उक्त कोषमा गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट रु. १०००००।— रकम निकाली उक्त कोषमा जम्मा गर्ने र आकस्मिक कोषमा सबै संघसंस्था, व्यक्तिलाई स्वेच्छिक सहयोगका लागि आव्हान गर्ने निर्णय गरेको छ । कोरोना रोग प्रतिकार्य तथा पूर्व तयारीका लागि कार्ययोजनाका साथै भाइरसको विस्तार हुने सम्भावित जोखिमलाई मध्यनजर गर्दै नेपाल सरकारद्वारा जारी गरिएको लकडाउनलाई सबै वडामा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै पदाधिकारी तथा वडास्तरीय समन्वय समितिले आआफ्नो क्षेत्रबाट भूमिका निर्वाह अनुरोध गर्ने निर्ण गरेको छ ।

गाउँपालिका अन्तर्गत रहेका हेल्प डेस्क तथा हेल्थ डेस्क र स्वास्थ्य संस्थाहरुको विवरणः

| भूमे गाउँपालिका अन्तर्गत रहेका कोरोना जोखिम नियन्त्रण हेल्थ डेस्कमा कार्यरत सम्पर्क व्यक्ति र चेकजाँचको विवरण | | | | | |
|---|---|---|---|---|---|
| **Health Centers** | | | | | |
| ***हेल्थ डेस्क/सेन्टर*** | ***वडा*** | ***स्थान*** | ***सम्पर्क व्यक्ति*** | ***सम्पर्क फोन*** | ***कैफियत*** |
| Khabang Health Desk | २ | खाबाङबगर | Sanjiv Khadka | 9812827249 | |
| Help Center | २ | गापा कार्यालय | Upendra Yadav | 9809889765 | |
| Health Center Lukum | १ | Lukum | | | |
| Corona Health Center Kankri | २ | त्रिवेणी काँक्री | Tilak Roka | 9822936399 | |
| Jhumlabang Health Center | ३ | झुम्लाबाङ | Shiva kumar budha | 9822822332 | |
| Corona Health Center Sima | ३ | सिमा | Bibek Khadka | 9845636252 | |
| Corona Health Center Kanda | ४ | काँडा | Pokhar Bohara | 9866961206 | |
| Serabang Health Center | ५ | सेराबाङ | prakash bk | 9868314577 | |
| Corona Health Center Mahat | ६ | महत | Jhakku pun | 9810914647 | |
| Dharmashala Health Center | ७ | धर्मशाला | Sumitra Budha | 9741215550 | |
| Korja Health Center | ८ | कोर्जा | Parbati pun | 9812803534 | |
| Kuchibang Health Center | ८ | कुचिबाङ | Madan budha | 9822919766 | |
| Corona Health Center Chunwang | ९ | चुनबाङ | Chitra Bista | 9867406587 | |


NOVEL CORONA VIRUS (nCOV)
सर्बसाधारणका लागि जनचेतनामुलक संदेश
नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू
ज्वरो
(१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा आत्याधिक समस्या
रुघा र खोकी
"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"
नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?
नियमित रूपमा साबुन-पानीले हात धुने
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने
यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसंग परामर्श लिने
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने

# उपभोक्ता तथा व्यापारी वर्गमा भूमे गाउँपालिकाको अपिल!

१) कारोबारस्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान किन्ने गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना र वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।

३) उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

४) औषधी तथा औषधिजन्य पदार्थहरको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

५) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

६) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

७) कमसल उपभोग्य वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा गाउँपालिका वा सम्बन्धित जिल्ला क्षतिपूर्ति समितिमा उजुरी गरौं ।

८) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा यस गाउँपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता संरक्षण विभागमा उजुरी गरौं ।

९) व्यवसाय दर्ता गरेको व्यवसायसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

१०) उपभोक्ता हित विपरित हुने कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं ।

# सातामा शाखा तथा कार्यालयहरुबाट सम्पादन भएका कामको विवरण

## Covid-19 रोकथाम तथा तयारी सम्बन्धी विवरण

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | क्वारेन्टाइन संख्याः | १ | श्री सिद्धचौर मा.वि. लुकुम |
| २. | क्वारेन्टाइनको क्षमता | ५ | |
| ३. | हेल्प डेस्क | १ | गाउँ कार्यपालिका कार्यालय |
| ४. | हेल्थ डेस्क | ५ | |

### भारत लगायत विदेशी मुलुकबाट आएका व्यक्तिहरुको विवरण

| क्र.सं. | नाम, थर | उमेर (वर्ष) | वडा | टोल | आएको देश | नेपाल भित्रिएको मिति | आएको माध्यम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री कुमार बुढा मगर | | ४ | काडाँ | साउदी अरब | २०७६।११।१२ | हवाई | |
| २ | निम बहादुर विक | | ४ | काडाँ | मलेशिया | २०७६।११।१२ | हवाई | |
| ३ | प्रताव बुढा | ५० | ६ | महत | भारत | २०७६।१२।०४ | रेल | |
| ४ | जोखमाया बुढा | ५० | ६ | महत | भारत | २०७६।१२।०४ | रेल | |
| ५ | लक्ष्मण बुढा | २४ | ६ | महत | भारत | २०७६।१२।०४ | रेल | |
| ६ | भागमान बुढा | ५० | ६ | महत | भारत | | रेल | |
| ७ | नर बहादुर नेपाली | ५० | ६ | महत | भारत | | रेल | |
| ८ | जित कुमार घर्ती | | १ | लुकुम | भारत | २०७६।१२।१० | रेल | |
| ९ | प्रकाश पुन मगर | १९ | ९ | गोठिबाङ | कतार | २०७६।१२।०३ | हवाई | |
| १० | राम कुमार रोका | २८ | ९ | खाल मसिना | UAE | २०७६।१२।०३ | हवाई | |
| ११ | संकल्प दमाई | २४ | ९ | गोर्जाले | UAE | २०७६।१२।०७ | हवाई | |
| १२ | मन बहादुर दमाई | ४५ | ९ | गोर्जाले | भारत | २०७६।१२।०७ | रेल | |
| १३ | जय बहादुर खड्का | ५० | ९ | बिजौरा | भारत | २०७६।१२।०७ | रेल | |
| १४ | राज विर पुन | | १ | लुकुम | कतार | २०७६।११।१० | हवाई | |
| १५ | सिरको गुरुङ | | १ | लुकुम | कतार | २०७६।११।२९ | हवाई | |
| १६ | बिसौले पुन | ३७ | ३ | सिमा | भारत | २०७६।११।३० | रेल | |
| १६ | विर वहादुर थापा | ३८ | ३ | झुम्लाबाङ | भारत | २०७६।१२।०७ | | |
| १७ | कमला सुनार | ६२ | ३ | झुम्लाबाङ | भारत | २०७६।१२।०३ | रेल | |
| १८ | दिनेश कुमार ओली | २९ | ९ | चुन्बाङ | कतार | २०७६।१२।०६ | हवाई | |
| १९ | नर बहादुर नेपाली | | ६ | महत | भारत | २०७६।११।२८ | रेल | |
| २० | बरमान बुढा | २६ | ६ | महत | कतार | २०७६।११।३० | हवाई | |
| २१ | हर्कमान कमी | ४५ | ६ | महत | भारत | २०७६।११।०१ | रेल | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२ | ओम प्रकाश बुढा | १९ | ७ | रिसालचौर | भारत | २०७६।१२।०९ | रेल | |